# यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन सम्बन्धी

# आचार संहिता -२०८१

सोलुखुम्बु बहुमुखी क्याम्पस

सोलुदुधकुण्ड नगरपालिका–५,

सल्लेरी, सोलुखुम्बु ।

## विषयसूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| परिचय | १ |
| प्रयोजन र कार्य क्षेत्र | २ |
| संक्षिप्त नाम र प्रारम्भ | २ |
| कार्यस्थल | २ |
| आचार संहिताको कार्यान्वयन | २ |
| गुनासो/उजुरी सुन्ने अधिकारी | ३ |
| सेवाग्राही | ३ |
| यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने | ३ |
| यौनजन्य दुर्व्यवहार गरेको मानिने | ३ |
| गुनासो सुनुवाई तथा निवारण संयन्त्रको दायित्व | ४ |
| गुनासो सुनुवाई | ४ |
| पीडितले कुनै गुनासो वा उजुरी गरेमा सो सम्बन्धमा तुरुन्त छानविन गर्नु पर्नेछ । | ४ |
| आचार संहिताको मूख्य उद्देश्य | ५ |
| आचार संहिताका उद्देश्य | ५ |
| अचार संहिता संशोधन | ५ |
| गोपनीयता कायम | ६ |
| यौनजन्य दुर्व्यवहार | ६ |
| उजुरी सुनुवाई प्रक्रिया निर्धारण र घटना व्यवस्थापन | ६ |
| दण्ड र क्षतिपूर्ति | ६ |
| झुठा आरोपहरु विरुद्ध अनुशासनात्मक कारबाही | ७ |
| आचर संहिता | ७ |

**परिचय**

यौन शोषण, दुर्व्यवहार तथा यौन उत्पीडन लैङ्गिक हिंसाको एक रूप हो। जस अन्तर्गत जीवनको मौलिक अधिकार, स्वतन्त्रता, सुरक्षा, मर्यादा, महिला र पुरुषको समानता, गैर–भेदभाव अनि शारीरिक र मानसिक अखण्डताको मौलिक अधिकारको उल्लङ्घन आदि पर्दछन्।

यौन हिंसा विश्वमा नै मानव अधिकार उल्लंघनको एउटा गम्भीर घटना हो । यौन हिंसाका बहुसंख्यक प्रभावितहरू महिला तथा बालिकाहरू भए पनि यसले महिला, पुरुष, बालिका, बालक तथा लैङ्गीक अल्पसंख्यकहरू समेतलाई प्रभावित पारेको छ। यसमा सबै उमेर समूह, शारीरिक अवस् था, यौनिकता तथा यौन पहिचानका व्यक्तिहरू प्रभावित हुने गरेका छन्। विश्वभरिमा नै यौन हिंसा एउटा जटिल समस्याको रुपमा देखिएको छ। नेपाल सरकारले विभिन्न समयमा यौन तथा लैङ्गीक हिंसाविरुद्ध कानून तथा नीतिहरू बनाएर यौन तथा लैङ्गीक हिंसालाई न्यूनीकरण तथा अपराधीकरण गर्नको लागि धैरै प्रयास गरेको छ। यौन शोषण वा दुर्व्यवहार भएको अवस्थामा पीडितहरूले उजुरी गर्ने र आवश्यक सेवाहरू तुरुन्त प्राप्त गर्ने सुरक्षित तथा गोप्य माध्यमहरूमा पहुँचका साथै न्याय तथा कानुनी उपचार प्राप्त गरेको सुनिश्चित गर्नु अत्यावश्यक छ । सोलुखुम्बु बहुहुखी क्याम्पसमा आफ्ना शिक्षक, कर्मचारी, सहयोगी, विद्यार्थी र सरोकारवालाहरूलाई पीडित भएको खण्डमा आवश्यक सहयोग पुर्याउने उद्देश्यले यो आचार संहिता तयार पारिएको छ।

नेपालको संविधान, २०७३ ले समानताको हक (धारा १८), छुवाछुत तथा भेदभाव विरुद्धको हक –धारा २४), शोषण विरुद्धको हक (धारा २९), रोजगारीको हक –धारा ३३), श्रमको हक (धारा ३४) र महिला अधिकार (धारा ३८) सम्बन्धी व्यवस्था गरेको छ। यसका अलावा नेपाल सरकारले जारी गरेका दुईवटा ऐन यौन उत्पीडन, दुर्व्यवहार र शोषणसँग सम्बन्धित छन् । कार्यस्थलमा हुने यौन उत्पीडन (रोकथाम) ऐन, २०१४ को उद्देश्य कार्यस्थलमा सुरक्षित वातावरण सिर्जना गरी व्यक्तिहरूको अधिकारको रक्षा गर्नु हो। त्यसैगरी, श्रम ऐन, २०१७ ले ज्यालादारी मजदुरको अधिकारको रक्षा गर्ने उद्देश्य राखेको छ
।

यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन सम्बन्धी यस आचार संहिताले सबैलाई सुरक्षित वातावरणमा काम गर्ने, समानताको प्रबर्द्धन गर्ने तथा मर्यादा पालन गर्दै व्यक्ति वीच एक अर्कालाई

सम्मानपूर्वक व्यवहार गर्न प्रोत्साहन गर्ने अधिकारलाई स्वीकार गर्दछ । यो आचार संहिता जारी गरेपछि सोलुखुम्बु बहुहुखी क्याम्पसले आफ्ना कर्मचारी, सहयोगी, विद्यार्थी र सरोकारवालाहरूलाई यस सम्बन्धी सचेत गराउनका साथै विभिन्न कार्यक्रमहरूलाई आयोजना गर्दै अगाडि बढ्नेछ ।

### प्रयोजन र कार्य क्षेत्र

यस आचार संहिताले सोलुखुम्बु बहुहुखी क्याम्पस, र क्याम्पस परिसरमा हुने यौन उत्पीडनलाई प्रभावकारी रूपमा रोक्न र सम्बोधन गर्न मार्गदर्शन गर्दछ । यसका साथै उच्च शैक्षिक संस्थाहरुको नीति अनुरुप गुनासो निवारण संयन्त्रको विकास, कार्यान्वयन र अनुगमनका लागि सबै कर्मचारी र सरोकारवालाहरूलाई निजको लिङ्गको आधारमा नभई निष्पक्षताका साथ इज्जत र सम्मानजनक व्यवहार गरिन्छ ।

यस आचार संहिता सोलुखुम्बु बहुहुखी क्याम्पस र क्याम्पसका सदस्यहरू, शिक्षक, कर्मचारीहरू, विद्यार्थीहरु र सरोकारवालाहरु सबैमा लागू हुनेछ ।

### संक्षिप्त नाम र प्रारम्भ

क) यो आचार संहिताको नाम यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन सम्बन्धी आचार संहिता, २०८१ रहेको छ ।

### कार्यस्थल

''कार्यस्थल'' भन्नाले सोलुखुम्बु बहुमुखी क्याम्पस अन्तरगत सेवा प्रवाह गर्ने स्थानलाई सम्झनु पर्दछ ।

### आचार संहिताको कार्यान्वयन

यसलाई चाहिने आवश्यक कार्यविधि र बजेट योजना यस सोलुखुम्बु बहुमुखी क्याम्पसको गुनासो सुनुवाई र निवारण संयन्त्रले तयार गरी क्याम्पस प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नेछ ।

**गुनासो/उजुरी सुन्ने अधिकारी**

यस सोलुखुम्बु बहुमुखी क्याम्पस परिसरमा देखिएका/भएका यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन सम्बन्धी गुनासो वा उजुरी गुनासो सुनुवाई र निवारण संयन्त्रले प्राप्त गर्नेछ र समस्या समाधानका लागि समिति आफै वा सम्बन्धित निकायमा पठाउनेछ।

**सेवाग्राही**

"सेवाग्राही" भन्नाले सोलुखुम्बु बहुमुखी क्याम्पसमा क्याम्पसबाट प्रवाह हुने सेवा लिन उपस्थित व्यक्ति सम्झनु पर्दछ। सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई जनाउँछ ।

**यौनजन्य दुर्व्यवहार गर्न वा गराउन नहुने :** कसैले पनि कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्न वा गराउनु हुँदैन।

**यौनजन्य दुर्व्यवहार गरेको मानिने :** कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै शिक्षक, विद्यार्थी, कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहायका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गरेको मानिनेछ।

क) यौन जन्य आशयले शरीरको कुनै अङ्ग छोएमा वा छुने प्रयास गरेमा,

ख) अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृष्य, अन्य सूचना प्रविधि वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा,

ग) लेखेर, बोलेर वा इशाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा,

घ) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा,

ङ) यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा।

माथिको उपदफा को खण्ड(क), (ख), वा (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि शैक्षिक, सूचनामूलक, अनुसन्धानमूलक, उपचार वा वचाउको सिलसिलामा गरिएको कुनै पनि काम कारबाहीलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन।

**गुनासो सुनुवाई तथा निवारण संयन्त्रको दायित्व**

१) गुनासो सुनुवाई तथा निवारण संयन्त्रले क्याम्पस परिसरमा यौनजन्य दुर्व्यवहार हुन नदिन वा निवारण गर्नका लागि देहायका कार्यहरु गर्नुपर्दछ :

क) यौनजन्य दुर्व्यवहार हुन नदिन शिक्षक, कर्मचारी, विद्यार्थी र सेवाग्राहीलाई सजग गराउने ।

ख) यौनजन्य दुर्व्यवहार दोहोरिन नदिन आवश्यक सुधारात्मक उपायहरु अवलम्बन गर्ने,

ग) पीडितलाई आवश्यकता अनुसार मनोविमर्श सेवा उपलबध गराउने,

घ) कार्यस्थलमा गुनासो पेटिका राख्ने ।

यौनजन्य दुर्व्यवहार बिरुद्ध उजुरी गर्ने अवधि, कार्यविधी तथा उजरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई जानकारी गराउने ।

**गुनासो सुनुवाई :** कसैले कुनै शिक्षक, कर्मचारी, विद्यार्थी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सेवाबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर सोलुखुम्बु बहुमुखी क्याम्पसको गुनासो सुनुवाई तथा निवारण संयन्त्र समक्ष दश दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्नेछ ।

**पीडितले कुनै गुनासो वा उजुरी गरेमा सो सम्बन्धमा तुरुन्त छानविन गर्नु पर्नेछ ।**

उजुरी छानविन गर्दा आरोपित व्यक्तिले शिक्षक, कर्मचारी, विद्यार्थी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको देखिएमा देहायको कुनै वा सबै कार्य गर्न वा गराउन लगाउन सक्नेछ ।

क) दुवै पक्ष मञ्जुर भएमा, पीडित र आरोपित व्यक्तिबीच मेलमिलाप गराइदिन,

ख) आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन,

ग) आरोपित व्यक्तिलाई त्यस्तो काम पुनः नगर्न सचेत गराउन,

घ) आरोपित व्यक्तिबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिन,

ङ) आरोपित व्यक्तिलाई कानून बमोजिम विभागीय कारबाही गर्ने ।

**आचार संहिताको मूख्य उद्देश्य**

यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडनसम्बन्धी यस आचार संहिताले सबैलाई सुरक्षित वातावरणमा काम गर्ने, समानताको प्रबर्धन गर्न, मर्यादा पालना गर्न र व्यक्ति व्यक्ति बीच एक अर्कालाई सम्मानपूर्वक व्यवहार गर्न प्रोत्साहन गर्नु रहेको छ ।

**आचार संहिताका उद्देश्य**

यस आचार संहिताका निम्न उद्देश्यहरु रहेका छन् :

क) यौन हिंसा र यौन दुर्व्यवहार र यौन उत्पीडनबाट मुक्त कार्यस्थलको सुनिश्चितता गर्ने,

ख) क्याम्पसमा कुनै पनि शिक्षक, कर्मचारी, विद्यार्थी, सेवाग्राही (पुरुष, महिला वा तेस्रो लिङ्गी) ले आचार संहिता उल्लङ्घन गरेको फेला परेमा निजको विरुद्ध शीघ्र अनुशासनात्मक कारवाही गर्न,

ग) आचारसंहिताको कार्यान्वयन गर्दै उदाहरणीय जिम्मेवारी प्रदर्शन गर्ने दायित्व सबै शिक्षक, कर्मचारी, विद्यार्थी र सरोकारवालाको हुने ।

आचारसंहिताको विरुद्धमा परेका उजुरीहरुको सुनुवाई र सम्बोधनलाई सहज बनाउन, यस सोलुखुम्बु बहुमुखी क्याम्पसको गुनासो सुनुवाई र निवारण संयन्त्रको संयोजकलाई सम्पर्क व्यक्ति तोकिनेछ । जसले संस्था भित्र प्राप्त वा दर्ता भएका गुनासो संकलन गर्नेछ र गुनासो सुनुवाई र निवारण समितिले समस्याको समाधान गर्न पहल गर्नेछ । यदि समितिले नसकेको खण्डमा माथिल्लो निकायमा पेश गर्नेछ । माथिल्लो निकायले क्याम्पसका नीति, नियम र विधान बमोजिम सम्बोधन गर्ने ।

**अचार संहिता संशोधन**

यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडनसम्बन्धी आचार संहिता तयार र आवश्यकता अनुसार संशोधन यस क्याम्पसको IQAC ले गर्नेछ ।

**गोपनीयता कायम**

कुनै शिक्षक, कर्मचारी, विद्यार्थी वा सेवाग्राही निजामती यौनजन्य दुर्व्यवहार भएको भनी गुनासो/उजुरी गरेमा त्यस्तो गुनासो गर्ने व्यक्तिको मान प्रतिष्ठामा आघात नपुग्ने गरी गोपनीयता कायम गर्नुपर्दछ ।

**यौनजन्य दुर्व्यवहार**

- यौनजन्य आशयले शिक्षक, विद्यार्थी, सेवाग्राही र कर्मचारीसँग अशिष्ट, अश्लील तथा यौनजन्य कुराकानी गरेमा,
- यौनजन्य आशयले कसैलाई पनि बिना काम कार्यालय समय अघि वा पछि आफ्नो कार्यकक्षमा राख्न वा बस्न बाध्य पार्नु,
- यौनजन्य आशयले कसैलाई पनि विशेष सुविधा दिने प्रलोभन देखाउनु, कसैलाई पनि यौनजन्य कार्यका लागि शरीरिक वा मानसिक दवाव दिनु ।

**उजुरी सुनुवाई प्रक्रिया निर्धारण र घटना व्यवस्थापन**

यस सन्दर्भमा निम्न कुरा ध्यान दिनु पर्दछ :

क) गोपनीयता

ख) समय सीमा

ग) पीडितलाई संरक्षण र परामर्श

घ) पीडक माथि निगरानी र छानविन

ङ) घटनाको गम्भीर्यता हेरी अनुशासन सम्बन्धी कारबाही वा नियामक निकायमा प्रेषण

**दण्ड र क्षतिपूर्ति**

यौन शोषण, दुर्व्यवहार र यौन उत्पीडन सम्बन्धी उल्लेखित प्रावधानहरु पालना नगरेको अवस्थामा अनुशासनात्मक कारबाही गरिनेछ । घटनाको प्रकृति हेरी लिखित माफी, अनुशासनात्मक चेतावनी,

निलम्बन, तल्लोतहमा घटुवा वा वर्खास्त गर्ने क्याम्पस व्यवस्थापन समितिलाई सिफारिस गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**झुटा आरोपहरु विरुद्ध अनुशासनात्मक कारबाही**

कुनै शिक्षक, कर्मचारी, विद्यार्थी वा सेवाग्राहीले यौन उत्पीडन भएको आरोप लगाउँदै उजुरी दर्ता गरे पश्चात भएको अनुसन्धानबाट त्यो व्यक्तिले जानी जानी यौन उत्पीडनको कथित उत्पीडकलाई झुटो आरोप लगाएको र वास्तवमा, कुनै यौन उत्पीडन नभएको भन्ने प्रष्ट भएमा आरोप लगाउने व्यक्ति अनुशासनात्मक कारवाहीको अधिनमा हुनेछ। यसको लागि मौखिक वा लिखितरुपमा सचेत गराउने, तलब उपलब्ध नगराउने, निलम्बन गर्ने, घटुवा वा वर्खास्त गर्ने वा अन्य आवश्यक कार्य गर्न क्याम्पस व्यवस्थापन समितिलाई सिफारिस गरिनेछ।।

**आचर संहिता**

१. यस सोलुखुम्बु बहुमुखी क्याम्पसमा शिक्षक, कर्मचारी सहकर्मी, विद्यार्थी सेवाग्राहीसँग औपचारिक सम्बन्ध कायम राख्ने।

२. कुनै पनि सहकर्मी, शिक्षक, कर्मचारी, पदाधिकारी, विद्यार्थी र सेवाग्राहीसँग यौनजन्य क्रियाकलापमा संलग्न नहुने,

३. आफूसँग सम्बन्धित शिक्षक, कर्मचारी, विद्यार्थी वा सरोकारवाला आफ्नो प्रभावमा पारेर फाइदा उठाउन खोजेर मौद्रिक वा यौन वा अन्य कुरा प्राप्तिका लागि आफ्नो शक्तिको दुरुपयोग नगर्ने, कुनै सरोकारवालालाई उसको/उनको सिकाइ वा शारीरिक वा मानसिक स्वास्थ्य र सुरक्षालाई प्रतिकूल असर वा खतरा हुने व्यवहार नगर्ने,

४. आफ्नो व्यक्तिगत फाइदाको लागि सहकर्मी, शिक्षक, कर्मचारी, विद्यार्थीहरुसँगको सम्बन्धबाट टाढा रहने र निजी वा व्यक्तिगत लाभको लागि अधिकार वा शक्तिको प्रयोग नगर्ने,

५. आफ्नो भाषा, इशारा र व्यवहारमा सामाञ्जस्य गर्ने, लज्जास्पद वा अपमानजनक रुपमा कार्य नगर्ने, अपमानजनक भाषा वा आपत्तिजनक नामहरु प्रयोग नगर्ने वा अनुपयुक्त टिप्पणीहरु नगर्ने,

६. शैक्षिक संस्थाभित्र र संस्था बाहिर हुँदा व्यावसायिक सीमाहरु कायम राख्ने,

७. विविधताको सम्मान गर्ने, निष्पक्षता कायम गर्ने र सबैलाई समतामूलक व्यवहार गर्ने,

८. लिङ्ग, वर्ण, क्षेत्र, जात , धर्म, यौन झुकाव, रुप, उमेर, भाषा वा विभिन्न आवश्यकता वा क्षमताहरुको भेदभाव नगरी सबै सरोकारवालालाई समान व्यवहार गर्ने ।